ISSN: 3021-9353 Online

सञ्चय कोष

ई-न्यूजलेटर

(कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन)

वर्ष १५ । अङ्क ५७ । ६५ औं वार्षिकोत्सव विशेष २०८३ साउन-असोज



कोषको संक्षिप्त झलक

कुल स्रोत

७००.५२ अर्ब

कुल लगानी

६६४.५६ अर्ब

सञ्चयकर्ताको सङ्ख्या

५ लाख ६५ हजार

योगदानकर्ताको सङ्ख्या

१ लाख २१ हजार

कोषकट्टी रकममा प्रदान गरिएको ब्याज

३.८५ प्रतिशत

शाखा कार्यालयको सङ्ख्या

८ वटा

सेवा केन्द्रको सङ्ख्या

४ वटा

कोषको कर्मचारी दरवन्दी

५०० जना



सरकारले अबलम्बन गरेका नीति, योजना, कार्यक्रम तथा प्रतिबद्धतामा सहयोग पुग्ने गरी सरकारी तथा सार्वजनिक क्षेत्रका कर्मचारीका लागि एकीकृत सामाजिक सुरक्षा संस्थाको रूपमा रूपान्तरित हुँदै सञ्चय कोष अगाडि बढ्न सकोस् ।

सम्माननीय प्रधानमन्त्री, बालेन्द्र शाह



संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन तथा मानव संशाधनलाई सुदृढ तुल्याउँदै नेपाल सरकारका नीति, कार्यक्रम र वार्षिक बजेटका प्रथमिकतासँग आफ्ना योजनालाई पूर्ण रूपमा आबद्ध गरी अगाडि बढ्नुपर्ने देखिन्छ ।

सम्माननीय अर्थमन्त्री, डा. स्वर्णिम वाग्ले



सामाजिक सुरक्षा, सञ्चय कोष तथा निवृत्तभरण कोष व्यवस्थापन सम्बन्धमा असल अन्तर्राष्ट्रिय अभ्यासको अनुशरण गर्नुका साथै राष्ट्रिय आवश्यकताको सम्बोधन हुने गरी कोषले आफ्ना गतिविधि सञ्चालन गर्नुपर्नेछ ।

सञ्चालक समिति अध्यक्ष, भूपाल बराल



Its experience and evolving role can provide valuable lessions not only for Nepal, but also for other institutions working to strenthen longterm social economic security.

President of ISSA, Dr. Mohammed Azman



कोषमा सङ्कलित रकमलाई विविधीकरण गरी सुरक्षित, प्रभावकारी तथा उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा सुरक्षा, तरलता र प्रतिफलबीच सन्तुलन कायम राख्दै जोखिम व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

प्रशासक, विजय कुमार श्रेष्ठ

कोषको ६५ औँ वार्षिकोत्सव कार्यक्रम सम्पन्न



कर्मचारी सञ्चय कोषले आफ्नो स्थापनाको ६५औँ वार्षिकोत्सवको अवसरमा भाद्र ३१ गते विविध कार्यक्रम आयोजना गरी वार्षिकोत्सव मनाएको छ। भाद्र १० गते रसुवागढी/भोटेकोशी क्षेत्रमा आएको बाढीका कारण ठूलो जनधनको क्षति भएको दुःखद् परिस्थितिलाई मध्यनजर गर्दै यस वर्ष भव्य समारोह आयोजना नगरी वार्षिकोत्सवका नियमित औपचारिक कार्यक्रमलाई सामान्यरूपमा आयोजना गरिएको छ ।



कार्यक्रममा कोषका प्रशासक विजय कुमार श्रेष्ठ, का.मु. सह प्रशासकद्वय भरतराज वस्ती र ध्रुव प्रसाद अधिकारी लगायत विभागीय प्रमुख, काठमाडौं उपत्यकाका सेवा केन्द्र प्रमुख, कर्मचारी, पूर्व कर्मचारी एवम् पुरस्कृत हुने कर्मचारीका सन्ततिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमको सुरुवात रसुवागढी/भोटेकोशी क्षेत्रमा आएको बाढी तथा प्राकृतिक विपत्तिका कारण भएको मानवीय र भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै बाढीमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्न एक मिनेट मौनधारण गरिएको थियो ।

कार्यक्रमको सञ्चालन मानव संशासन विभागका विभागीय प्रमुख दामोदर प्रसाद सुवेदीले गर्नुभएको थियो भने का.मु. सह प्रशासक ध्रुव प्रसाद अधिकारीले शुभकामना मन्तव्य राख्नु भएको थियो । शुभकामना मन्तव्य राख्दै अधिकारीले सञ्चयकर्तामैत्री सेवा प्रवाहका लागि सूचना प्रविधलाई उच्चतम उपयोग तथा स्रोतको परिचालन गर्नुपर्ने विषयमा जोड दिनुभयो । त्यस्तै विभागीय प्रमुखहरूको तर्फबाट सूचना प्रविधि विभागका विभागीय प्रमुख दर्शन भट्टराईले शुभकामना दिँदै कर्मचारीहरूको व्यवहार समयानुकूल परिवर्तन गर्नुपर्ने र संस्थाले विकास गरी प्रयोगमा ल्याएको सूचना प्रविधिप्रति विश्वास कायम राख्नुपर्ने कुरामा जोड दिनुभयो ।

सेवा पदक तथा छात्रवृत्ति प्रदान पश्चात कोषका का.मु. सह प्रशासक भरतराज वस्तीले कोषले आजसम्म गरेको उपलब्धिको प्रशंसा गर्दै यसको सम्पूर्ण श्रेय कर्मचारीलाई नै जाने कुरा उल्लेख गर्दै अझै बढी कर्मचारी दत्तचित्त भई आफ्नो जिम्मेवारी बहन गर्नपर्ने विषयमा जोड दिनुभयो ।



कार्यक्रमको अन्तमा प्रशासक श्रेष्ठले कोषले आफ्नो ६४ वर्षको सफल यात्रा पूरा गरी ६५औँ वर्षमा प्रवेश गरेको सुखद अवसरमा सम्पूर्ण सञ्चयकर्ता/योगदानकर्ता, सरोकारवाला तथा कोष परिवार प्रति हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दै कोषमा सङ्कलित र कमलाई विविधिकरण गरी सुरक्षित, प्रभावकारी तथा उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा सुरक्षा, तरलता र प्रतिफलबीच सन्तुलन कायम राखी जोखिम व्यवस्थालाई प्रभावकारी बनाउनुपर्ने कुरा व्यक्त गर्नुभयो ।

कार्यक्रममा कर्मचारी प्रतिनिधिहरू क्रमशः उप प्रबन्धक रामहरी गौतम, सहायक प्रबन्धक प्रकाश बस्नेत र सहायक प्रबन्धक खीम बहादुर खड्काले कोषको उन्नयन सन्तुष्ट कर्मचारी मार्फत हुनेभएको हुँदा कर्मचारी सन्तुष्टिका लागि व्यवस्थापन सदैव कर्मचारीप्रति सकारात्मक हुनुपर्ने कुरा राख्नु भयो ।



कोषको ६५ औँ वार्षिकोत्सवमा विविध कार्यक्रमहरू

रक्तदान कार्यक्रम



कोषको ६५ औँ वार्षिकोत्सवको अवसरमा मिति २०८३ भाद्र ३१ गते ठमेलस्थित कोष कार्यालय परिसरमा नेपाल रेडक्रस सोसाइटीको समन्वयमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । भाद्र १० गते रसुवागढी/भोटेकोशी क्षेत्रमा आएको बाढीबाट घाइते भई उपचाररत व्यक्तिहरूको सहयोगार्थ आयोजित उक्त कार्यक्रममा कोषका ४० जना कर्मचारीहरूले रक्तदान गर्नुभएको थियो ।

सेवा पदक प्रदान

वार्षिकोत्सवका अवसरमा प्रशासकद्वारा कोषमा ३५ वर्ष सेवा अवधि पूरा गरेका १७ जनालाई प्रशंसापत्र र दोसल्ला, १५ वर्ष सेवा अवधि पूरा गरेका २२ जना तथा २५ वर्ष सेवा पूरा गरेका १ जना कर्मचारीलाई सेवा पदक र नगद पुरस्कार प्रदान गरिएको थियो । लामो समयदेखि संस्थाको सेवामा समर्पित कर्मचारीको योगदानको कदरस्वरूप प्रदान गरिएको उक्त कदरले कर्मचारीको सेवाभाव र योगदानलाई सम्मान गरेको छ ।



२५ वर्ष



३५ वर्ष


१५ वर्ष

छात्रवृत्ति प्रदान

माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण सञ्चयकर्ताका १३ जना सन्ततिलाई छात्रवृत्ति प्रदान गरिएको थियो। छात्रवृत्ति प्राप्त गर्नेमा छात्रातर्फ ५ जना र छात्रतर्फ ८ जना रहेका थिए । कोषमा कार्यरत कर्मचारीका सन्ततिलाई शैक्षिक प्रगतिका लागि प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिँदै आएको छात्रवृत्ति कार्यक्रमले विद्यार्थीको उच्च शिक्षाप्रतिको उत्साह अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ ।



कोष पत्रिका लोकार्पण



कार्यक्रममा कर्मचारी सञ्चय कोषका गतिविधि, उपलब्धि तथा समसामयिक विषयवस्तु समेटिएको 'कोष पत्रिका-२०८३ अङ्क ९३ को लोकार्पण गरिएको छ । उक्त पत्रिकाको लोकार्पण कोषका प्रशासक विजय कुमार श्रेष्ठले गर्नुभएको थियो । पत्रिकामार्फत कोषका सेवा, गतिविधि, उपलब्धि तथा संस्थासँग सम्बन्धित विविध विषयलाई सञ्चयकर्ता तथा सरोकारवालामाझ प्रवाह गर्ने उद्देश्य राखिएको छ ।

सञ्चालक समितिको सदस्यमा रेग्मी



कोषको सञ्चालक समितिको सदस्यमा नेपाल सरकार, अर्थ मन्त्रालयका सह सचिव कविता रेग्मी मनोनित हुनुभएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार मिति २०८३/०५/१५ देखि लागू हुनेगरी कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ख) बमोजिम नेपाल सरकारको तर्फबाट उहाँलाई सञ्चालक समितिको सदस्यमामा मनोनयन गरेको हो ।

कोषको प्रशासकमा श्रेष्ठ नियुक्त



कोषको प्रशासक पदमा विजयकुमार श्रेष्ठ नियुक्त हुनुभएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार मिति २०८३/०५/०३ देखि लागू हुनेगरी कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ६ (ख) बमोजिम उहाँलाई कोषको प्रशासक पदमा नियुक्त गरेको हो । नियुक्ति गरेसँगै उहाँले मिति २०८३/०५/०४ गतेबाट प्रशासकको जिम्मेवारी सम्हाल्नु भएको हो ।

का.मु. सह प्रशासकमा अधिकारी



कोषको मिति २०८३/०५/०८ को निर्णयानुसार मिति २०८३/०५/०९ देखि लागू हुने गरी आर्थिक प्रशासन विभागका विभागीय प्रमुख ध्रुव प्रसाद अधिकारीलाई एघारौं तह, सह प्रशासक (मुख्य अधिकृत) पदमा कायम मुकायम मुकरर गरी संस्थागत व्यवस्थापन तर्फको जिम्मेवारी दिइएको छ ।

निमित्त प्रशासकको अवकाश



कोषको निमित्त प्रशासक जीवन कुमार कट्वाल मिति २०८३/०५/०३ गते देखि उमेर हदका कारण अनिवार्य अवकाश हुनुभएको छ । उहाँलाई नेपाल सरकार अर्थमन्त्रीस्तरीय निर्णयबाट मिति २०८३/०१/२४ गते देखि लागू हुने गरी कोषको निमित्त प्रशासकको जिम्मेवारी दिइएको थियो ।

नेपाल सरकार र प्रशासकबीच कार्यसम्पादन सम्झौता सम्पन्न



कर्मचारी सञ्चय कोषको संस्थागत क्षमता अभिवृद्धि, सेवा प्रवाहमा गुणस्तरीय सुधार तथा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको विस्तार गर्ने उद्देश्यसहित अर्थ मन्त्रालय र कोषका प्रशासकबीच पाँचवर्षे कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयअनुसार कोषका प्रशासकमा नियुक्ति हुनुभएका प्रशासक श्री विजयकुमार श्रेष्ठ र अर्थ मन्त्रालयबीच सम्पन्न उक्त सम्झौताले आर्थिक वर्ष २०८३/८४ देखि आगामी पाँच वर्षसम्म कोषले हासिल गर्नुपर्ने रणनीतिक तथा कार्यसम्पादन लक्ष्य निर्धारण गरेको छ ।

सम्झौतामा कोषलाई योगदानमा आधारित सामाजिक सुरक्षा सञ्चालन गर्ने अग्रणी संस्थाका रूपमा विकास गर्ने, सञ्चयकर्ता तथा योगदानकर्ताको हित संरक्षण गर्ने र वित्तीय स्रोतको प्रभावकारी परिचालनमार्फत दीर्घकालीन वित्तीय स्थायित्व कायम गर्ने लक्ष्य लिइएको छ ।

कोषले आगामी दिनमा योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार, प्रभावकारी जोखिम व्यवस्थापन, संस्थागत सुशासन, दिगो वित्तीय व्यवस्थापन, राष्ट्रिय प्राथमिकताका क्षेत्रमा स्रोत परिचालन, डिजिटल रूपान्तरण तथा संस्थागत क्षमता अभिवृद्धिलाई प्रमुख रणनीतिक स्तम्भका रूपमा अघि बढाउने भएको छ ।

सम्झौताअनुसार सरकारी तथा सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारीलाई योगदानमा आधारित एकीकृत सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने, प्रदेश तथा स्थानीय तहका कर्मचारीलाई कोषमा समेट्ने, एकल योगदानबाट सञ्चय कोष, निवृत्तिभरण कोषलगायत सामाजिक सुरक्षा सुविधा प्राप्त गर्न सकिने प्रणाली विकास गर्ने तथा शाखा र सेवा केन्द्र विस्तार गर्ने लक्ष्य राखिएको छ ।

त्यसैगरी कोषको सेवा प्रवाहलाई प्रविधिमैत्री, सहज र प्रभावकारी बनाउन Integrated Fund Management Information System (iFund), Digital Workflow Management System, Cashless System तथा एकीकृत डिजिटल सेवा प्रणालीको विकास र विस्तार गर्ने योजना सम्झौतामा समेटिएको छ ।

वित्तीय व्यवस्थापनतर्फ सम्पत्ति तथा दायित्व व्यवस्थापन (Asset Liability Management), Systematic/Strategic Assets Allocation, सामूहिक लगानी कोष (Mutual Fund) सञ्चालन तथा राष्ट्रिय प्राथमिकताका पूर्वाधार र उत्पादनशील क्षेत्रमा लगानी विविधीकरण गर्ने लक्ष्य निर्धारण गरिएको छ । जलविद्युत्, पूर्वाधार, औद्योगिक क्षेत्र तथा सार्वजनिक-निजी साझेदारीका परियोजनामा स्रोत परिचालनलाई समेत प्राथमिकतामा राखिएको छ ।

यसैगरी संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली, कर्मचारीको क्षमता विकास तथा सेवा प्रवाहको गुणस्तर अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने सम्झौतामा उल्लेख छ ।

आर्थिक वर्ष २०८३/८४ का लागि वार्षिक कार्यसम्पादन सम्झौता सम्पन्न



कर्मचारी सञ्चय कोषका प्रशासकसँग सह प्रशासक, विभागीय प्रमुख, शाखा कार्यालय प्रमुख र सेवा केन्द्र प्रमुखबीच मिति २०८३/०५/१४ गते आर्थिक वर्ष २०८३/८४ का लागि वार्षिक कार्यसम्पादन सम्झौतामा हस्ताक्षर भएको छ ।

कोषको पुल्चोकस्थित तालिम हलमा योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागद्वारा आयोजित कार्यक्रममा कोषका प्रशासक, सह प्रशासक, विभागीय प्रमुख, शाखा कार्यालय प्रमुख तथा सेवा केन्द्र प्रमुखहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमको सञ्चालन विभागकी उप प्रबन्धक गीता शिवाकोटीले गर्नुभएको थियो भने विभागीय प्रमुख दामोदर प्रसाद सुवेदीले स्वागत मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा आर्थिक प्रशासन विभागका विभागीय प्रमुख डा. दिलीपराज पौडेल र उप प्रबन्धक सुनिता स्याङ्तानले बजेटको समीक्षा प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतिका क्रममा आर्थिक वर्ष २०८३/८४ को बजेट, विभाग तथा शाखा कार्यालयगत लक्ष्य र कार्यान्वयनका प्राथमिकताबारे जानकारी गराइएको थियो ।

त्यसैगरी, योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभागका वरिष्ठ प्रबन्धक सन्तोष पौड्यालले आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यसम्पादन सम्झौताको समीक्षा गर्दै विभाग, शाखा कार्यालय तथा सेवा केन्द्रहरूको कार्यसम्पादन मूल्याङ्कनको नतिजा प्रस्तुत गर्नुभएको थियो । उहाँले अघिल्लो आर्थिक वर्षमा निर्धारित लक्ष्य, प्राप्त उपलब्धि तथा सुधार गर्नुपर्ने विषयहरूबारे जानकारी गराउनुभएको थियो ।

प्रस्तुतिपछि सहभागीहरूबीच कार्यसम्पादन सम्झौता, लक्ष्य प्राप्ति, सेवा प्रवाह तथा कार्यान्वयनका चुनौतीलगायतका विषयमा खुला छलफल तथा अन्तरक्रिया गरिएको थियो । सहभागीहरूले विभिन्न विषयमा जिज्ञासा राख्दै कार्यसम्पादनलाई थप प्रभावकारी बनाउने सम्बन्धमा आफ्ना सुझाव तथा धारणा प्रस्तुत गर्नुभएको थियो ।

त्यसैगरी का.मु. सह प्रशासक ध्रुव अधिकारीले मन्तव्य राख्दै वार्षिक कार्यसम्पादन सम्झौतालाई केवल औपचारिकतामा मात्र सीमित नराखी तोकिएका लक्ष्य तथा जिम्मेवारी पूरा गर्ने आधारका रूपमा लिनुपर्ने बताउनुभयो । उहाँले विभाग, शाखा कार्यालय र सेवा केन्द्रबीच प्रभावकारी समन्वय कायम गरी कार्यसम्पादनमा सुधार ल्याउनुपर्ने विषयमा जोड दिनुभयो ।

छलफल तथा अन्तरक्रियापछि कोषका प्रशासकले सह प्रशासक तथा सम्बन्धित विभागीय प्रमुख, शाखा कार्यालय प्रमुख र सेवा केन्द्र प्रमुखबीच आर्थिक वर्ष २०८३/८४ को वार्षिक कार्यसम्पादन सम्झौतामा हस्ताक्षर गरी सम्झौताको प्रति आदान-प्रदान गरिएको थियो ।

शाखा कार्यालय तथा सेवा केन्द्रहरूको तर्फबाट शाखा कार्यालय विराटनगरकी प्रमुख रूकमणी ठकुरी र विभागीय प्रमुखहरूको तर्फबाट लगानी तथा ट्रेजरी व्यवस्थापन विभागका विभागीय प्रमुख ठाकुरजङ्ग थापाले कार्यसम्पादन सम्झौता कार्यान्वयनका सम्बन्धमा प्रतिबद्धता मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा कोषका कर्मचारी प्रतिनिधिहरू क्रमशः उप प्रबन्धक रामहरी गौतम, सहायक प्रबन्धक प्रकाश बस्नेत र सहायक प्रबन्धक खिम बहादुर खड्काले समेत मन्तव्य राख्नुभएको थियो । उहाँहरूले कोषको संस्थागत विकास तथा कर्मचारीका विषयमा कोष व्यवस्थापन सदैव सकारात्मक हुनुपर्ने धारणा राख्नुभयो ।

त्यसैगरी, सह प्रशासक भरतराज वस्तीले कार्यसम्पादन सम्झौताले संस्थाको लक्ष्यलाई स्पष्ट र मापनयोग्य बनाउने उल्लेख गर्दै सम्झौतामा समेटिएका कार्यक्रम तथा लक्ष्यहरू समयमै कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । उहाँले कार्यसम्पादनको नियमित समीक्षा र आवश्यक सुधारमार्फत् संस्थागत उपलब्धि हासिल गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा कोषका प्रशासक विजयकुमार श्रेष्ठले वार्षिक कार्यसम्पादन सम्झौता कोषको समग्र कार्यसम्पादन सुधार, संस्थागत लक्ष्य प्राप्ति तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने महत्वपूर्ण आधार भएको बताउनुभयो । उहाँले विभाग, शाखा कार्यालय तथा सेवा केन्द्रहरूले आपसी समन्वय, सहकार्य र जिम्मेवारी बोधका साथ सम्झौतामा उल्लेखित लक्ष्य हासिल गर्न सक्रिय रूपमा लाग्नुपर्ने कुरामा जोड दिनुभयो ।

कर्मचारी सञ्चय कोषद्वारा बाढीपीडितका लागि रू. २ करोड ५० लाख सहयोग



मिति २०८३ भाद्र १० मा रसुवाको भोटेकोशी तथा त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि कर्मचारी सञ्चय कोषले रू. २ करोड ५० लाख आर्थिक सहयोग गरेको छ । कोषले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको हो ।

कोष सञ्चालक समितिका अध्यक्ष श्री भूपाल बराल, कोषका प्रशासक श्री विजय कुमार श्रेष्ठलगायत कोषका वरिष्ठतम् अधिकृतहरूले २०८३ भदौ १५ गते अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रममा रू. २ करोड ५० लाखको चेक माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गर्नुभएको हो ।

चेक हस्तान्तरण कार्यक्रममा माननीय अर्थमन्त्री डा. वाग्लेले विपद् को समयमा कोषले गरेको सहयोगका लागि कर्मचारी सञ्चय कोष परिवारप्रति धन्यवाद व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा कोष सञ्चालक समितिका अध्यक्ष बरालले प्राकृतिक विपद्, महाभूकम्प, महामारीलगायतका राष्ट्रिय सङ्कटका समयमा कर्मचारी सञ्चय कोषले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत आर्थिक सहयोग गर्दै आएको बताउनुभयो । सोही निरन्तरताअन्तर्गत भोटेकोशी तथा त्रिशूली नदीमा आएको बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गरिएको उहाँले बताउनुभयो ।

त्यसैगरी, कोषका प्रशासक श्री विजय कुमार श्रेष्ठले विपद्को यस कठिन समयमा प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सबै पक्षको सहयोग र सहकार्य आवश्यक रहेको बताउनुभयो । उहाँले आगामी दिनमा पनि कोषले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत विपद् तथा राष्ट्रिय सङ्कटको समयमा आवश्यक सहयोग र सहकार्य गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कर्मचारी सञ्चय कोषले बाढी तथा पहिरोमा परी ज्यान गुमाएका नागरिकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवार जनप्रति गहिरो समवेदना प्रकट गरेको छ । साथै, बाढीबाट प्रभावित नागरिकको शीघ्र उद्धार, राहत तथा पुनःस्थापनाका लागि सम्बन्धित सबै पक्षबाट आवश्यक सहयोग र सहकार्य हुने अपेक्षा गरेको छ ।

योगदानमूलक निवृत्तभरण तथा उपदान व्यवस्थापनमा ४ हजार ९५० संस्था आबद्ध

कर्मचारी सञ्चय कोषले योगदानमूलक निवृत्तभरण तथा उपदान व्यवस्थापनअन्तर्गत संस्थाहरूको आबद्धता विस्तार, रकम सङ्कलन तथा निवृत्तभरण/उपदान भुक्तानीसम्बन्धी कार्यलाई प्रभावकारी रूपमा अघि बढाएको छ ।

निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभागका अनुसार चालु आर्थिक वर्षको असोज मसान्तसम्म नयाँ थप ४ वटा सङ्गठित संस्थालाई कोषमा आबद्ध गरिएको छ, जसबाट ८८२ जना कर्मचारी लाभान्वित भएका छन् । सरकारी संस्थासमेत गरी कोषमा आबद्ध कार्यालयहरूको कुल सङ्ख्या ४ हजार ९५० पुगेको छ ।

कोषले निवृत्तभरण तथा उपदान व्यवस्थापनअन्तर्गत हालसम्म करिब कुल रकम रू. ६३ अर्ब ९३ लाखभन्दा बढी रकम सङ्कलन गरेको छ । साथै, निवृत्तभरण तथा उपदान भुक्तानी, शोधभर्ना भुक्तानी तथा व्यक्तिगत भुक्तानीमार्फत योगदानकर्तालाई सेवा उपलब्ध गराउँदै आएको छ ।

यसैगरी, सापटी सुविधाअन्तर्गत ९६ जना योगदानकर्तालाई करीब रू. ३ करोड ६० लाखभन्दा बढी सापटी प्रदान गरिएको छ । योगदानमूलक अवकाश योजना ऋण सापटीतर्फ ९१ जना योगदानकर्तालाई करीब रू. ३ करोड २४ लाखभन्दा बढी तथा योगदानमूलक उपदान ऋण सापटीतर्फ ५ जनालाई रू ३६ लाख १४ हजार सापटी सुविधा उपलब्ध गराइएको छ ।

कोषले योगदानमूलक निवृत्तभरण तथा उपदान व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित, प्रभावकारी र योगदानकर्तामैत्री बनाउँदै योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको विस्तारमा योगदान पुऱ्याउँदै आएको छ ।

सामाजिक सुरक्षामा १५ करोड २५ लाख रुपैयाँभन्दा बढी रकम वितरण

आर्थिक वर्ष २०८३/८४ को असोज मसान्तसम्म कोषले सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ६ हजार ६६८ सञ्चयकर्तालाई १५ करोड २९ लाख रुपैयाँभन्दा बढी रकम वितरण गरेको छ ।



सामाजिक सुरक्षा तथा निवृत्तभरण व्यवस्थापन विभागका अनुसार स्वास्थ्योपचार सुविधाअन्तर्गत साधारण रोगका लागि १ हजार ३६८ सञ्चयकर्तालाई ५ करोड ४२ लाख रुपैयाँ प्रदान गरिएको छ भने घातक रोगको उपचारका लागि ४२० सञ्चयकर्तालाई ५ करोड २३ लाख रुपैयाँभन्दा बढी रकम उपलब्ध गराइएको छ ।

त्यसैगरी, सुत्केरी तथा शिशु स्याहार सुविधा-अन्तर्गत ४ हजार ७२९ सञ्चयकर्ताले ३ करोड ५४ लाख रुपैयाँ प्राप्त गरेका छन् । काजक्रिया अनुदान योजनामार्फत् ११५ जना सञ्चयकर्ताका आश्रित परिवारलाई ४६ लाख रुपैयाँ वितरण गरिएको छ । यस्तै, दुर्घटना क्षतिपूर्ति सुविधाअन्तर्गत १८ जनालाई ३६ लाख रुपैयाँ र कल्याणकारी योजना (विशेष आर्थिक सुविधा) १८ जनालाई २७ लाख रुपैयाँ प्रदान गरिएको विभागले जनाएको छ ।

कोषले सामाजिक सुरक्षा कार्यक्रममार्फत् विभिन्न शीर्षकमा उल्लेख्य रकम वितरण गर्दै सञ्चयकर्ताको स्वास्थ्य सुरक्षा र सामाजिक संरक्षणमा योगदान पुऱ्याउदै आएको छ ।

आ.व. २०८३/८४ को लागि ब्याजदर निर्धारण

कोषले आर्थिक वर्ष २०८३/८४ का लागि २०८३ श्रावण १ गतेदेखि लागू हुने गरी देहायबमोजिम ब्याजदर निर्धारण गरेको छ ।

(१) सञ्चय कोष र निवृत्तभरण कोष रकममा प्रदान गर्ने वार्षिक ब्याजदर ३.८५ (तीन दशमलव आठ पाँच) प्रतिशत ।

(२) सञ्चयकर्ता सापटीहरूमा कोषले लिने ब्याजदर :

(क) विशेष सापटीमा ५.३५ (पाँच दशमलव तीन पाँच) प्रतिशत

(ख) घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी र सवारी साधन सापटीमा ६.६० (छ दशमलव छ शून्य) प्रतिशत

(ग) जग्गा खरिद सापटी र सरल सापटीमा ६.८५ (छ दशमलव आठ पाँच) प्रतिशत

(३) विशेष सापटी बाहेकका धितोमा आधारित सापटीको ब्याज नियमित रूपमा चुक्ता गर्ने सञ्चयकर्ताको हकमा ०.२५ (शून्य दशमलव दुई पाँच) प्रतिशत छुट (Rebate) दिने ।

कर्मचारी सञ्चय कोषबाट घर जग्गा धितोमा आधारित सापटी लिएर किस्ता नियमित नगरेका सञ्चयकर्तालाई किस्ता नियमित गर्ने सम्बन्धी सूचना

(गोरखापत्रमा सूचना प्रकाशित मिति : २०८३ असोज ८ गते)

कोषको सञ्चयकर्ता कर्जा विभाग, लगनखेल र कोषका विभिन्न शाखा कार्यालयबाट विभिन्न मितिमा **घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी, सरल सापटी (साबिक सरल चक्र कर्जा) र जग्गा खरिद सापटी** लिएका ऋणी सञ्चयकर्ताले **आ.ब.२०८३।८४ को प्रथम त्रैमास**मा कोषलाई भुक्तानी गर्नुपर्ने किस्ता बापतको रकम मिति २०८३ **असोज** मसान्तभित्र बुझाउनुहुन अनुरोध छ ।

नियमित त्रैमासिक किस्ता भुक्तानी गर्ने ऋणी सञ्चयकर्तालाई कोषले त्रैमास व्याजमा **०.२५ प्रतिशत ब्याज छुट** दिने व्यवस्था रहेको छ । सापटीको किस्ता नियमित नगरेको अवस्थामा कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता कर्जा असुली विनियम, २०७९ बमोजिम असुली प्रक्रियामा जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

कोषमा रकम भुक्तानी गर्ने प्रकृया

KYC Update गरेका सञ्चयकर्ताले	► Connect IPS Login गरी Semi-Govt. (Sansthan) मा Click गरी, ► Mobile मा कोषको EPF App Download गरी EPF App भित्र रहेको Loan Payment Option मा Click गरी, ► आफ्नो Bank को Banking App भित्र रहेको Payment मा गई Pension Fund भित्र रहेको कर्मचारी सञ्चय कोषमा Click गरी, ► कोषको website epf.org.np मा गई individual Login गरी Loan Payment मा Click गरी,
KYC Update नगरेका/ अवकास हुनुभएका सञ्चयकर्ताले	► कोषले तोकेका बैङ्क खातामार्फत् कोषको खातामा रकम जम्मा गरी loan.recovery@epf.org.np मा उक्त भौचर ईमेल गरी पठाउन सकिनेछ ।

नियुक्ति तथा बढुवा सिफारिस

मिति २०८२/१०/०५ को विज्ञापनअनुसार आन्तरिक प्रतियोगिताबाट बढुवा भएका कर्मचारीहरू:

क्र.सं.	बढुवा भएको पद	तह	कर्मचारीको नामथर	बढुवा मिति
१	बरिष्ठ प्रबन्धक	नवौं	रविन के.सी.	२०८३/०५/२६
२	प्रबन्धक	आठौं	लोकनाथ ताजपुरिया	२०८३/०५/२६
३	उप प्रबन्धक	सातौं	गणेश श्रेष्ठ	२०८३/०५/२६
४	सहायक प्रबन्धक	छैठौं	लोकेन्द्र पौडेल	२०८३/०५/२६
५	सहायक प्रबन्धक	छैठौं	यादवराज पण्डित	२०८३/०५/२६
६	प्रमुख सहायक	पाँचौं	संघर्ष श्रेष्ठ	२०८३/०५/२६
७	प्रमुख सहायक	पाँचौं	दशरथ पुन	२०८३/०५/२६
८	प्रमुख सहायक	पाँचौं	सागर कुँवर	२०८३/०५/२६

मिति २०८२/१०/०५ को विज्ञापनअनुसार खुला तथा समावेसी प्रतियोगिताबाट नयाँ नियुक्ति भएका कर्मचारीहरू:

क्र.सं.	बदुवा भएको पद	तह	कर्मचारीको नामथर	नियुक्ति मिति
१	प्रबन्धक	आठौं	रमेश राज चौधरी	२०८३/०६/०८
२	उप प्रबन्धक	सातौं	कृष्ण प्रसाद पोखरेल	२०८३/०६/०८
३	उप प्रबन्धक(कानून)	सातौं	पम्फा देवी मैनाली	२०८३/०६/०८
४	उप प्रबन्धक(सूचना प्रविधि)	सातौं	सुदर्शन सुवेदी	२०८३/०६/०८
५	उप प्रबन्धक(चार्टर्ड एकाउन्टेन्ट)	सातौं	सागर खड्का	२०८३/०६/०८
६	उप प्रबन्धक(चार्टर्ड एकाउन्टेन्ट)	सातौं	एलिना बस्नेत	२०८३/०६/०८
७	उप प्रबन्धक(वित्त विश्लेषक)	सातौं	गोकुल चन्द्र मरासिनी	२०८३/०६/०८
८	सहायक प्रबन्धक	छैठौं	टंक प्रसाद अर्याल	२०८३/०६/०८
९	सहायक प्रबन्धक	छैठौं	बिपुल न्यौपाने	२०८३/०६/०८
१०	सहायक प्रबन्धक	छैठौं	प्रकृति क्षेत्री	२०८३/०६/०८
११	सहायक प्रबन्धक	छैठौं	आनन्द बस्नेत	२०८३/०६/०८
१२	सहायक प्रबन्धक	छैठौं	समता ज्ञवाली	२०८३/०६/०८
१३	सहायक प्रबन्धक	छैठौं	अनिता फागो लिम्बू	२०८३/०६/०८
१४	सहायक प्रबन्धक	छैठौं	रबिन्द्र कुमार महतो	२०८३/०६/०८
१५	सहायक प्रबन्धक(सिष्टम)	छैठौं	प्रनेश प्यारा श्रेष्ठ	२०८३/०६/१६
१६	प्रमुख सहायक	पाँचौं	प्रविण घिमिरे	२०८३/०६/२०
१७	प्रमुख सहायक	पाँचौं	सुबेक्षा राजबंशी	२०८३/०६/२०
१८	प्रमुख सहायक	पाँचौं	निशा ज्ञवाली	२०८३/०६/२०
१९	प्रमुख सहायक	पाँचौं	अनिल बहादुर सिंह	२०८३/०६/२०
२०	प्रमुख सहायक	पाँचौं	सृष्टि बिश्वकर्मा	२०८३/०६/२०
२१	प्रमुख सहायक	पाँचौं	गोविन्द गुरुङ्ग	२०८३/०६/२०
२२	प्रमुख सहायक	पाँचौं	स्वास्तिका ढकाल	२०८३/०६/२०
२३	प्रमुख सहायक	पाँचौं	हरिमाया भुसाल	२०८३/०६/२०
२४	प्रमुख सहायक	पाँचौं	सुमन थापा	२०८३/०६/२०
२५	प्रमुख सहायक	पाँचौं	पवित्रा कुमारी चन्द	२०८३/०६/२०
२६	प्रमुख सहायक	पाँचौं	श्वेता दास	२०८३/०६/२०
२७	प्रमुख सहायक	पाँचौं	अमृता कुमारी चौधरी	२०८३/०६/२०
२८	प्रमुख सहायक	पाँचौं	मिना कुमारी चौधरी	२०८३/०६/२०
२९	प्रमुख सहायक	पाँचौं	महालक्ष्मी कुमारी	२०८३/०६/२०
३०	प्रमुख सहायक	पाँचौं	ममता कामत	२०८३/०६/२०
३१	प्रमुख सहायक	पाँचौं	सन्तोष विश्वकर्मा	२०८३/०६/२०
३२	प्रमुख सहायक	पाँचौं	सरोज पौडेल	२०८३/०६/२०
३३	सहायक	चौथो	बिनु थापा	२०८३/०६/०८
३४	सहायक	चौथो	निरन्जन घिमिरे	२०८३/०६/०८
३५	सहायक	चौथो	सोनी बराल	२०८३/०६/०८

तालिम तथा क्षमता विकास

स्वदेशी तालिम

कर्मचारीहरूको व्यावसायिक दक्षता, कार्यक्षमता तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले कर्मचारी सञ्चय कोषले आर्थिक वर्ष २०८३/८४ को असोज मसान्तसम्म ९९ जना कर्मचारीलाई विभिन्न विषयमा स्वदेशी तालिम प्रदान गरेको छ ।

कोषले कर्मचारीहरूको कार्यक्षेत्र र जिम्मेवारीअनुसार सूचना प्रविधि, वित्तीय व्यवस्थापन, जोखिम व्यवस्थापन, सुशासन, कर, सम्पत्ति शुद्धीकरण निवारण, सार्वजनिक खरिद, सञ्चार तथा डिजिटल प्रविधिलगायतका विषयमा तालिम सञ्चालन गरेको हो ।

यस अवधिमा Advanced Excel, Content Creation with AI, Development and IT Operation, Certified Ethical Hacker (CEH), Training of Trainers (ToT), Financial Management for Non–Financial Managers, Right to Information तथा Service Entrance and Induction Training लगायतका विषयमा तालिम सञ्चालन गरिएको छ ।

कोषले नयाँ नियुक्त कर्मचारीहरूलाई संस्थाको कार्यप्रणाली, सेवा प्रवाह, कर, सम्पत्ति शुद्धीकरण निवारण (AML/CFT) तथा सार्वजनिक खरिदसम्बन्धी विषयमा अभिमुखीकरण तालिमसमेत प्रदान गरेको छ । साथै, सूचना प्रविधिसम्बन्धी जनशक्तिको क्षमता विकासका लागि विशेष प्राविधिक तालिम सञ्चालन गरिएको छ ।

तालिमबाट प्राप्त ज्ञान, सीप र अनुभवलाई व्यवहारमा कार्यान्वयन गर्दै कोषको सेवा प्रवाहलाई थप गुणस्तरीय, प्रविधिमैत्री, प्रभावकारी र सेवाग्राहीकेन्द्रित बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

वैदेशिक तालिम तथा सेमिनारमा सहभागिता

कर्मचारीहरूको व्यावसायिक दक्षता अभिवृद्धि, अन्तर्राष्ट्रिय असल अभ्यासको आदानप्रदान तथा सामाजिक सुरक्षा र सञ्चय कोष व्यवस्थापनसम्बन्धी ज्ञान र अनुभव विस्तार गर्ने उद्देश्यले कर्मचारी सञ्चय कोषले आर्थिक वर्ष २०८३/८४ को असोज मसान्तसम्म ३२ जना कर्मचारीलाई वैदेशिक तालिम तथा अध्ययन भ्रमणमा सहभागी गराएको छ ।

कोषले उक्त अवधिमा इन्डोनेसिया, थाइल्यान्ड, श्रीलङ्का र कतारमा सञ्चालित विभिन्न अन्तर्राष्ट्रिय तालिम, अध्ययन भ्रमण तथा प्राविधिक सेमिनारमा कर्मचारीहरूको सहभागिता सुनिश्चित गरेको हो ।

इन्डोनेसियाको BPJS Ketenagakerjaan संस्थासँगको सहकार्यमा सामाजिक सुरक्षा प्रणालीसम्बन्धी ज्ञान आदानप्रदान तथा अध्ययन भ्रमण (Knowledge Exchange and Study Visit) कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा कोषका ६ जना कर्मचारी सहभागी भएका थिए ।

त्यसैगरी, थाइल्यान्डस्थित Asian Institute of Technology मा सञ्चालित सञ्चय कोष तथा निवृत्तिभरण कोष व्यवस्थापनसम्बन्धी रणनीतिक नेतृत्व विकास तालिम (Strategic Leadership in Provident and Pension Fund Management) मा २० जना कर्मचारी सहभागी भएका थिए । उक्त तालिमले सञ्चय कोष तथा निवृत्तिभरण कोषको रणनीतिक व्यवस्थापन र नेतृत्व क्षमताको विकासमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

यसैगरी, श्रीलङ्कामा Association of Development Financing Institutions in Asia and the Pacific (ADFIAP) द्वारा आयोजित ४९ औँ वार्षिक साधारणसभामा कोषका २ जना कर्मचारी सहभागी भएका थिए ।

त्यस्तै, कतारमा International Social Security Association (ISSA) द्वारा आयोजित सामाजिक सुरक्षा संस्थाहरूमा डिजिटल तथा व्यवस्थापकीय नवप्रवर्तनसम्बन्धी प्राविधिक सेमिनार (Technical Seminar on Digital and Management Innovations in Social Security Institutions) मा कोषका ४ जना कर्मचारी सहभागी भएका थिए ।

वैदेशिक तालिम तथा अध्ययन भ्रमणबाट प्राप्त ज्ञान, सीप र अनुभवलाई कोषको संस्थागत कार्य प्रणालीमा उपयोग गर्दै सामाजिक सुरक्षा प्रणालीको सुदृढीकरण, प्रविधिको प्रभावकारी प्रयोग, रणनीतिक व्यवस्थापन तथा सेवा प्रवाहमा गुणस्तरीय सुधार ल्याउने अपेक्षा कोषले लिएको छ ।

कर्मचारी अवकाश

कोषमा २०८३ साउन देखि असोज मसान्तसम्म अनिवार्य अवकाश हुनुभएका कर्मचारीहरू

क्र.सं.	अवकाश हुँदाको पद	तह	कर्मचारीको नामथर	अवकाश मिति
१	निमित्त प्रशासक	-	जीवन कुमार कट्वाल	२०८३/०५/०३
२	का.मु. मुख्य प्रबन्धक	१०	डा. दिलिपराज पौडेल	२०८३/०५/२२
३	उप प्रबन्धक	७	रामकृष्ण महर्जन	२०८३/०६/०५

वार्षिकोत्सवमा प्रदान गरिएका सेवा पदक तथा SEE पुरस्कार

३५ वर्ष सेवा अवधि पूरा गरी प्रशंसापत्र प्राप्त गर्ने कर्मचारीहरू

क्र.सं.	पद	कर्मचारीको नामथर
१	का.मु. मुख्य प्रबन्धक	श्री राजेन्द्र भण्डारी
२	वरिष्ठ प्रबन्धक	श्री रमेश चन्द्र बेलबासे
३	वरिष्ठ प्रबन्धक	श्री निर्मला हुमागाईं
४	प्रबन्धक	श्री डिल्ली प्रसाद अधिकारी
५	प्रबन्धक	श्री त्रिविक्रम पाण्डे
६	उप प्रबन्धक	श्री रविन्द्र महत
७	उप प्रबन्धक	श्री महेश श्रेष्ठ
८	का.मु. उप प्रबन्धक	श्री महेन्द्र नाथ भट्टराई
९	सहायक प्रबन्धक	श्री केशव राज श्रेष्ठ (क)
१०	सहायक प्रबन्धक	श्री मुना श्रेष्ठ
११	सहायक प्रबन्धक	श्री राजेश कुमार के.सी.
१२	का.मु. मुख्य प्रबन्धक	श्री दिलिप राज पौडेल*
१३	प्रबन्धक(कानून)	श्री अर्जुन प्रसाद आचार्य*
१४	प्रबन्धक	श्री बाल कुमारी न्यौपाने*
१५	प्रबन्धक	श्री जितेन्द्र श्रेष्ठ*
१६	उप प्रबन्धक	श्री विजय कुमार थापा*
१७	उप प्रबन्धक	श्री सुरेन्द्र राज ढकाल*

*** सेवा निवृत्त कर्मचारी**

२५ वर्ष सेवा पदक प्राप्त गर्ने कर्मचारी

क्र.सं.	पद	कर्मचारीको नामथर
१	वरिष्ठ प्रबन्धक	श्री राम प्रसाद लामिछाने

१५ वर्ष सेवा पदक प्राप्त गर्ने कर्मचारीहरू

क्र.सं.	पद	कर्मचारीको नामथर
१	प्रबन्धक	श्री लक्ष्मी प्रसाद वाग्ले
२	प्रबन्धक	श्री लोकनाथ ताजपुरिया
३	का.मु. प्रबन्धक	श्री बालकृष्ण अर्याल
४	उप प्रबन्धक(सूचना प्रविधि)	श्री रामनाथ डंगोल
५	उप प्रबन्धक	श्री लिली अर्याल
६	उप प्रबन्धक	श्री पवित्रा न्यौपाने
७	उप प्रबन्धक	श्री गौरीशंकर मल्लिक
८	उप प्रबन्धक	श्री नविन ढुंगाना
९	उप प्रबन्धक	श्री कमलेश कुमार यादव
१०	उप प्रबन्धक	श्री काशीनाथ खतिवडा
११	उप प्रबन्धक	श्री अतुल बास्कोटा
१२	उप प्रबन्धक	श्री विष्णु प्रसाद बर्तौला
१३	उप प्रबन्धक	श्री अमृता अधिकारी
१४	उप प्रबन्धक	श्री पारसमणि भण्डारी
१५	उप प्रबन्धक	श्री देवानन्द वैजनाथ
१६	उप प्रबन्धक	श्री उत्तम घिमिरे
१७	सहायक प्रबन्धक	श्री साधना झा
१८	सहायक प्रबन्धक	श्री टेक बहादुर के.सी.
१९	सहायक प्रबन्धक	श्री रश्मी बज्राचार्य
२०	सहायक प्रबन्धक	श्री राजेन्द्र पोखेल
२१	सहायक प्रबन्धक	श्री रामेश्वर भोछिभोया
२२	सहायक प्रबन्धक	श्री देव आशिष मालाकार

SEE परीक्षा उत्तीर्ण भई पुस्कृत हुने कोषमा कार्यरत कर्मचारीका सन्ततिहरूको विवरण

छोरातर्फ

क्र.सं.	सन्ततिको नामथर	कर्मचारीको नामथर	कैफियत
१	दिक्षान्त ओझा	श्री राधा कणेल	प्रथम
२	समर्पण जि. सि.	श्री राम कृष्ण जि. सी.	द्वितीय
३	सुशान्तराज सुवेदी	श्री शंकर सुवेदी	तृतीय
४	लोकसाङ तामाङ	श्री छोवाङ हिस्से तामाङ	प्रशंसा पत्र तथा शैक्षिक पुरस्कार
५	कृतन पोखेल	श्री कृष्ण प्रसाद शर्मा	
६	आदित्य न्यौपाने	श्री अमृता अधिकारी	
७	सदिप डंगोल	श्री दिनेश डंगोल	
८	अबित्पल ढकाल	श्री राजेन्द्र ढकाल	

छोरीतर्फ

क्र.सं.	सन्ततिको नामथर	कर्मचारीको नामथर	कैफियत
१	एरिका रेग्मी	श्री सविता अर्याल	प्रथम
२	युनिष्का श्रेष्ठ	श्री युवराज श्रेष्ठ	द्वितीय
३	प्रज्ञा वैजनाथ	श्री देवानन्द वैजनाथ	तृतीय
४	उर्जा के. सी.	श्री रविन के.सी.	प्रशंसा पत्र तथा शैक्षिक पुरस्कार
५	ओसिका गौतम	श्री भानुभक्त गौतम	

शाखा कार्यालय तथा सेवा केन्द्र गतिविधि

शाखा कार्यालय पोखरा

धितोको स्थलगत निरीक्षण तथा GPS Tracking कार्यलाई तीव्रता



शाखा कार्यालय पोखराले पाँच वर्षभन्दा पुराना सापटीका धितोको स्थलगत निरीक्षण तथा GPS Tracking अद्यावधिक गर्ने कार्यलाई तीव्रता दिएको छ। आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम तथा कार्यालय प्रमुख र कोषका प्रशासकबीच भएको वार्षिक कार्यसम्पादन सम्झौताबमोजिम धितोमा आधारित सापटीलाई थप सुरक्षित, पारदर्शी र व्यवस्थित बनाउने उद्देश्यले उक्त कार्य अघि बढाइएको हो ।

यस कार्यक्रमअन्तर्गत धितोमा रहेका घरजग्गाको वास्तविक अवस्था स्थलगत रूपमा निरीक्षण गरी आधुनिक प्रविधिको प्रयोगमार्फत् भौगोलिक अवस्थिति (Geographic Location) अभिलेखीकरण तथा अद्यावधिक गरिँदै आएको छ ।

शाखा कार्यालयका अनुसार GPS Tracking अद्यावधिक गर्नुपर्ने कुल १९३ वटा चालु सापटी खातामध्ये २०८३ असोज मसान्तसम्म २५ वटा खाताको GPS Tracking अद्यावधिक गर्ने कार्य सम्पन्न भइसकेको छ । बाँकी सबै खाताको अद्यावधिक कार्य आगामी २०८३ चैत मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य लिइएको छ । यसबाट धितोको वास्तविक अवस्था र अवस्थिति पहिचान तथा अभिलेख व्यवस्थापन थप प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

सञ्चयकर्तामाझ सापटीसम्बन्धी सचेतना सामग्री वितरण

धितोमा आधारित सापटी कार्यक्रमको पहुँच विस्तार गर्ने उद्देश्यले शाखा कार्यालय पोखराले गण्डकी प्रदेशका हालसम्म उक्त कार्यक्रममा समेटिन नसकेका विभिन्न क्षेत्र तथा समूहमा बजारीकरण एवम् सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छ । यसै क्रममा सञ्चयकर्ताहरूलाई कोषबाट उपलब्ध हुने सेवा-सुविधा तथा सापटीसम्बन्धी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको सचेतनामूलक सामग्री (Brochure) वितरण कार्य सुरु गरिएको छ । हालसम्म १०० भन्दा बढी सञ्चयकर्तालाई उक्त सामग्री वितरण गरिसकिएको छ ।

संस्था सूचीकरण सम्झौता सम्पन्न

कर्मचारी सञ्चय कोषको दायरा विस्तार गर्दै थप संस्थालाई कोषको सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउने उद्देश्यले शाखा कार्यालय पोखराले विभिन्न नयाँ संस्थासँग संस्था सूचीकरण सम्झौता सम्पन्न गरेको छ। कोषलाई नेपालकै अग्रणी सामाजिक सुरक्षा संस्थाका रूपमा स्थापित गर्ने लक्ष्यअनुरूप “कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता र कार्यालय तथा संस्था सूचीकरण विनियमावली, २०८१” बमोजिम चालू आर्थिक वर्षको आश्विन मसान्त सम्म हेमजा बचत तथा ऋण सहकारी संस्था लि., डमौली पब्लिक अङ्ग्रेजी स्कूल र चरक एकेडेमी प्रा.लि. कोषमा आबद्ध भएका हुन् ।

शाखा कार्यालय जनकपुर

शाखा कार्यालयको गतिविधिमा छलफल तथा समिक्षा



कोष कार्यालय जनकपुरले आर्थिक वर्ष २०८३/८४ मा सम्पन्न गर्नुपर्ने नियमित तथा वार्षिक विशेष कार्यक्रम कार्यान्वयन गर्न शाखाका कर्मचारीहरुबीच छलफल तथा अन्तरक्रिया सम्पन्न गरेको छ । धितोमा आधारित सापटीको क्षेत्र विस्तार तथा कर्जा प्रवाह, सञ्चयकर्ता अन्तरक्रिया कार्यक्रम, बेचालु खाता न्यूनीकरण, अभिलेख व्यवस्थापन, ब्याज असूली लगायतका विषयमा कर्मचारीहरूबीच छलफल हुनुका साथै हालसम्म सम्पादन गरिएका कार्यक्रमहरुको समीक्षा तथा आगामी दिनमा गर्नुपर्ने कार्यहरुको कार्ययोजना सम्बन्धमा समेत छलफल गरिएको छ ।

शाखा कार्यालय धनगढी

नयाँ कार्यालय भवनको शिलान्यास

मिति २०८३/०६/०५ गते धनगढी उपमहानगरपालिका-५, हसनपुरमा कर्मचारी सञ्चय कोष, शाखा कार्यालय धनगढीको नयाँ भवन निर्माण कार्यको शिलान्यास कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा कोषका सह प्रशासक श्री भरतराज वस्ती, विभागीय प्रमुख श्री सुवास खड्का, शाखा कार्यालय धनगढीका शाखा प्रमुख, साइट इन्जिनियरलगायत सम्पूर्ण कर्मचारीहरूको उपस्थिति रहेको थियो।



संस्था सूचीकरण सम्झौता सम्पन्न

आर्थिक वर्ष २०८३/८४ को असोज मसान्तसम्म सञ्चयकर्ता सेवा विभागबाट स्वीकृति प्राप्त गरी यस शाखामार्फत सूर्योदय बहुउद्देश्यीय सहकारी संस्था लि., सप्तऋषि माध्यमिक विद्यालय प्रा.लि., सगरमाथा ग्रामीण विद्युत् सहकारी संस्था लिमिटेड, एरिष्टो एकेडेमी कैलाली प्रा.लि. र आइडियल माइलस्टोन इङ्गलिस बोर्डिङ स्कूलसँग सम्झौता गरिएको हो। यसबाट नयाँ संस्थाहरू कोषको दायरामा समेटिनुका साथै थप कर्मचारीहरूलाई सञ्चय कोषको सामाजिक सुरक्षा तथा बचत सुविधामा आबद्ध हुने अवसर प्राप्त भएको छ।

शाखा कार्यालय कोहलपुर

धितोमा आधारित सापटी लिएका सञ्चयकर्ताहरूको GPS Tracking तथा रोक्का विवरण अद्यावधिक कार्य सम्पन्न

शाखा कार्यालय कोहलपुरले सञ्चयकर्ता सापटी प्रवाह विनियमावली, २०८० बमोजिम धितोमा आधारित सापटी लिई पाँच वर्षभन्दा बढी समय व्यतीत भएका सञ्चयकर्ताहरूको धितोमा रहेको सम्पत्तिको स्थलगत निरीक्षण गरी GPS Tracking मार्फत् भौगोलिक अवस्थिति पहिचान गरेको छ। यस क्रममा सम्बन्धित १७९ जना सञ्चयकर्ताहरूको सापटी फाइलमा विवरण



अद्यावधिक गर्नुका साथै सापटी उपयोगको पाँच वर्षभन्दा बढी अवधि भएका सञ्चयकर्ताहरूको रोक्का विवरण यकिन गर्ने कार्यसमेत सम्पन्न गरेको छ।

यस कार्यबाट कोषको सम्पत्ति तथा सापटी लगानीको सुरक्षा सुनिश्चित गर्न र भविष्यमा हुन सक्ने सम्भावित वित्तीय जोखिम न्यूनीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

धितोमा आधारित कर्जाको Coverage Profile कार्य सम्पन्न

शाखा कार्यालय कोहलपुरले सञ्चयकर्ता सापटी प्रवाह विनियमावली, २०८० बमोजिम प्रवाह हुँदै आएका धितोमा आधारित सापटीको सुरक्षित, प्रभावकारी तथा दिगो विस्तारका लागि कर्जा Coverage Profile तयार गर्ने कार्य सम्पन्न गरेको छ।

उक्त प्रोफाइलमार्फत् हालसम्म सापटी सेवा विस्तार हुन नसकेका सम्भावित नयाँ क्षेत्रहरू तथा सञ्चयकर्ताका समूह पहिचान गरी दाङको तुलसीपुर उपमहानगरपालिकाका थप क्षेत्र, बबई गाउँपालिका, रोल्पा र रुकुम पूर्व जिल्लालाई समेत समेट्ने सम्भाव्यता अध्ययन गरिएको छ।

यसबाट सापटी लगानीको पोर्टफोलियो विविधीकरण, नयाँ क्षेत्रमा सेवा विस्तार, लगानीको सुरक्षा तथा कोषको दीर्घकालीन आम्दानी अभिवृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

शाखा कार्यालय बिराटनगर

सुविधासम्पन्न तथा सेवामैत्री भवनबाट सेवा प्रवाह सुरु

मिति २०८२/०५/२४ गते भएको Gen–Z आन्दोलनका क्रममा क्षति पुगेको कर्मचारी सञ्चय कोषको शाखा कार्यालय विराटनगरस्थित कार्यालय भवन तथा अन्य भौतिक संरचनाहरूको पूर्ण मर्मतसम्भार, रङ्गरोगन तथा थप सुदृढीकरण कार्य सम्पन्न भएको छ ।

आन्दोलनपश्चात् कार्यालय प्रमुखको निवासबाट सीमित स्थानमा सेवा प्रवाह हुँदै आएकोमा सञ्चयकर्ता सेवाग्राहीहरूको सहजता र सुविधालाई मध्यनजर गर्दै मिति २०८३/०५/०१ गतेदेखि शाखा कार्यालय आफ्नै फराकिलो, सुविधासम्पन्न, सुरक्षित तथा सेवामैत्री मुख्य कार्यालय भवनबाट सञ्चालनमा ल्याइएको छ ।

मर्मत तथा सुदृढीकरण गरिएको भवनमा सञ्चयकर्ताहरूको सहजताका लागि पर्याप्त पार्किङ, व्यवस्थित प्रतीक्षालय, सहायताकक्ष तथा गुनासो सुनुवाइको समेत व्यवस्था मिलाइएको छ । यसबाट सञ्चयकर्ताहरूले एउटै छानामुनिबाट छिटो, छरितो, पारदर्शी तथा झन्झटमुक्त सेवा प्राप्त गर्न सक्नेछन् । साथै, दैनिक रूपमा ठूलो सङ्ख्यामा सेवाग्राहीलाई गुणस्तरीय सेवा प्रदान गर्न शाखा कार्यालयको संस्थागत क्षमता अभिवृद्धि भएको छ ।



६५औँ वार्षिकोत्सवको अवसरमा वृक्षारोपण तथा अन्तरक्रिया कार्यक्रम



शाखा कार्यालय विराटनगरले कोषको ६५औँ वार्षिकोत्सवका अवसरमा भाद्र ३१ गते कार्यालय परिसरमा वृक्षारोपण तथा सञ्चयकर्ताहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरी मनाएको छ ।

कार्यक्रममा सञ्चयकर्ताहरूलाई कोषबाट प्रदान गरिँदै आएका सेवा तथा सुविधाबारे जानकारी गराउनुका साथै कार्यालय प्रमुखले सञ्चयकर्ताहरूको योगदानको उच्च कदर गर्दै आगामी दिनमा अझ छिटो, छरितो, पारदर्शी तथा प्रविधिमैत्री सेवा प्रवाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै, सापटीसम्बन्धी प्रक्रियालाई थप सरल बनाउने र सञ्चय-कर्ताहरूसँगको प्रत्यक्ष संवादलाई निरन्तरता दिने उहाँले बताउनुभयो ।



विशेष कार्यक्रम अन्तर्गतको Coverage Profile तयार

आर्थिक वर्ष २०८३/८४ का लागि स्वीकृत विशेष कार्यक्रम अन्तर्गत यस शाखा कार्यालयले धितोमा आधारित सापटीको हाल लागू भएको क्षेत्र तथा उक्त सापटी उपयोग गर्ने समूहको पहिचान गरी Coverage Profile तयार गरेको छ । चालु कर्जाको आधारमा तयार पारिएको उक्त प्रोफाइलअनुसार यस शाखाबाट ४ जिल्लाका ३३ वटा स्थानीय तहमा सापटी प्रवाह भएको छ । कुल २,४६७ जना ऋणी सञ्चयकर्तामध्ये सबैभन्दा धेरै मोरङ जिल्लामा १,२७४ जना, सुनसरीमा ८८१ जना, झापामा ३०२ जना, खोटाङमा १ जना र अन्य जिल्लामा ९ जना रहेका छन्। प्रवाह भएका सापटीहरुमा घर सापटीको हिस्सा सबैभन्दा बढी रहेको छ । कुल सापटीमध्ये घर सापटी २,०२६ वटा, घर मर्मत सापटी १११ वटा, सरल सापटी १५९ वटा, जग्गा खरिद सापटी ८९ वटा र शैक्षिक सापटी ७३ वटा रहेका छन् । सेवा समूहको आधारमा हेर्दा निजामती सेवा समूहका ६९३ जना, प्रहरी समूहका ६११ जना, शिक्षा सेवा समूहका ५७३ जना, निजी तथा संस्थानतर्फका ३७७ जना र जङ्गी समूहका २१३ जना सञ्चयकर्ताले सापटी उपयोग गरेका छन् । यसबाट आगामी दिनमा सापटीको दायरा विस्तार तथा लक्षित वर्ग पहिचान गर्न सहज हुने अपेक्षा गरिएको छ ।

सेवा केन्द्र धनकुटा


सञ्चयकर्ता खाता शुद्धीकरण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन


आर्थिक वर्ष २०८३/८४ का लागि स्वीकृत विशेष कार्यक्रमअन्तर्गत अस्थायी, बेचालु, निष्क्रिय तथा दोहोरो खाताको एकीकरण, छुट भुक्तानीलगायतका कार्यमार्फत सञ्चयकर्ता खाता शुद्धीकरण तथा व्यवस्थापन गर्ने उद्देश्यले सेवा केन्द्र धनकुटाले भोजपुर जिल्लामा विशेष कार्यक्रम सञ्चालन गरेको छ ।

कार्यक्रमअन्तर्गत भोजपुर जिल्लास्थित सरकारी कार्यालय, विद्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाली सेनाका कार्यालयहरूसँग समन्वय गरी अस्थायी तथा बेचालु सञ्चयकर्ता खाताहरूको विवरण सङ्कलन तथा अद्यावधिक गरिएको छ । सेवा केन्द्र धनकुटाका कार्यालय प्रमुख श्री भलक राज शर्मा तथा सहायक श्री रविन कार्कीले मिति २०८३/०६/१९ देखि २०८३/०६/२१ गतेसम्म भोजपुर जिल्लाका २५ वटा कार्यालयसँग सम्पर्क तथा समन्वय गरी करिब २,५०० जना सञ्चयकर्ताहरूको विवरण सम्बन्धित कार्यालयमार्फत उपलब्ध गराउनुभएको थियो । साथै, सम्बन्धित सञ्चयकर्ताहरूलाई नजिकको कोष कार्यालयमा सम्पर्क गरी आफ्नो खाता अद्यावधिक तथा शुद्धीकरण गर्न अनुरोध गरिएको छ ।

यस कार्यक्रमबाट सञ्चयकर्ता खाताको अभिलेख व्यवस्थित, अद्यावधिक तथा शुद्धीकरण हुनुका साथै सञ्चयकर्ताहरूलाई कोषका सेवा सुविधामा सहज पहुँच स्थापित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।









"सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष"

आर्थिक वर्ष २०८२/८३ को अनुमानित वित्तीय अवस्था

(१) सञ्चयकर्ता विवरण :

विवरण	योगदानकर्ता	योगदानकर्ता कार्यालय
सञ्चय कोष	५ लाख ६५ हजार	२८ हजार
निवृत्तभरण कोष	१ लाख २१ हजार	४ हजार ७ सय

(२) आ.व. २०८२/८३ को अनुमानित वित्तीय अवस्था :

विवरण	सञ्चय कोष	निवृत्तभरण कोष	जगेडा कोष	दायित्वहरू	कुल स्रोत	कुल लगानी
रकम रु.(अर्बमा)	६१८.१७	२९.९८	३९.४४	१३.३३	७००.९२	६६४.९६

(३) वित्तीय सुविधाहरू :

(क) सञ्चयकर्ता सापटी (आ व.२०८३/८४)

विवरण	विशेष सापटी	घर सापटी	शैक्षिक सापटी	घर मर्मत सापटी	सरल सापटी	जग्गा खरिद सापटी
सापटी सीमा	कोष रकमको ९५ प्रतिशतसम्म	रु.१.५ करोडसम्म	रु.५० लाखसम्म	रु.५० लाखसम्म	रु.१ करोडसम्म	रु. १ करोडसम्म
ब्याजदर	५.३५ प्रतिशत	६.६० प्रतिशत	६.६० प्रतिशत	६.६० प्रतिशत	६.८५ प्रतिशत	६.८५ प्रतिशत

(ख) ब्याजमा छुट : धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासमा ०.२५ प्रतिशत विन्दुले व्याजदरमा छुट दिने व्यवस्था गरिएको ।

(ग) ब्याज तथा मुनाफा : आ.व. २०८३/८४ मा कोष रकममा ब्याजदर ३.८५ प्रतिशत
: मुनाफा १.०० प्रतिशत (२०८१/८२ को शुरु मौज्दातमा)

(४) सामाजिक सुरक्षा सुविधाहरू :

(क) सञ्चयकर्ता स्वास्थ्य उपचार योजना : सञ्चयकर्ता वा निजको पति वा पत्नीको उपचार खर्चमध्ये साधारण रोगतर्फ प्रत्येक आर्थिक वर्षमा अधिकतम रू.१ लाखसम्म र घातक रोगको उपचारको हकमा सेवाअवधि भरमा अधिकतम रु.१० लाखसम्म रकम शोधभर्ना गरिने ।

(ख) सुत्केरी तथा शिशु स्याहार योजना : प्रति प्रसुति रु.७,५०० (२ पटकका लागि),

(ग) दुर्घटना क्षतिपुर्ति योजना : सञ्चयकर्ता वा निजको हकवालालाई रु.२ लाखसम्म,

(घ) काजकिरिया अनुदान योजना : हकवालालाई रु.४० हजार ।

(५) कोषका कार्यालयहरू :

उपत्यकास्थित : पुल्चोक (केन्द्रीय कार्यालय), ठमेल, लगनखेल र सिंहदरबार ।

उपत्यकाबाहिर : विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत, धनगढी र धनकुटा र बिर्तामोड ।

सम्पादन तथा प्रकाशन : योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग

कर्मचारी सञ्चय कोष
पुल्चोक, ललितपुर
फोन नं. : ५०१०१६५, ५०१०१६६